# विहादी गाउँ कार्यपालिकाको मिति २०८३ साल श्रावण ३१ गतेको निर्णय प्रमाणित

**निर्णय नं १ :** विहादी गाउँपालिकाबाट चालु आर्थिक वर्ष २०८३।०८४ मा सञ्चालन गरिने योजना तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि विभिन्न सामाग्रीहरुको दररेट निर्धारण गरि स्वीकृत गर्नुपर्ने भएकाले पर्वत जिल्लाको आ.व. २०८३।०८४ को स्वीकृत जिल्ला दररेटलाई नै विहादी गाउँपालिकाको आ व २०८३।०८४ को दररेट मानी योजना तथा कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं २ :** विहादी गाउँपालिकाले स्थानीय पाठ्यक्रम निर्माण गरि गाउँपालिका अन्तर्गत सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरुमा कक्षा १ देखि ८ सम्म स्थानीय विषयको अध्यापन अनिवार्य गरि संघीय ससर्त कार्यक्रम मार्फत प्राप्त बजेटबाट गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुलाई स्थानीय विषयको पाठ्यपुस्तक निशुल्क वितरण गरिएकोमा गाउँपालिका अन्तर्गत रहेको १ मात्र संस्थागत विद्यालयमा कक्षा १ देखि ८ सम्म अध्ययन गर्ने विद्यार्थीहरुको लागि उक्त पाठ्यपुस्तक निशुल्क उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ३ :** विहादी गाउँपालिकाका सम्पूर्ण वडा अन्तर्गत रहेका सडकहरु सरसफाईको लागि विनियोजित बजेटबाट सडक सरसफाई गर्न ठेक्का आह्वान गर्ने तथा आकस्मिक सडक सरसफाई मौजुदा सूचीमा रहेका निर्माण व्यवसायीबाट गर्ने गराउने निर्णय गरियो ।

विहादी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
राहाकोटडी, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

थमन बहादुर रेश्मी
प्रमुख प्रशासकीय अधिकृत
प्रमाणिकरण मिति : २०८३।०४।३१

थमन बहादुर रेश्मी
प्रमुख प्रशासकीय अधिकृत